# पहिलो अध्याय

## १. शोध कार्यको परिचय

### १.१ शोध प्रबन्धको शीर्षक

प्रस्तुत शोध प्रबन्धको शीर्षक 'तुलसी 'अपतन'-का काव्य-कृतिहरूको विश्लेषणात्मक अध्ययन रहेको छ। कवि तुलसी 'अपतन' भारतीय नेपाली साहित्यका एक स्मरणीय साहित्यकार हुन्। राजनैतिक कोपभाजनको पनि वास्ता नगरी उनले सन् १९४७ मा गान्तोक, सिक्किममा सर्वप्रथम **अपतन साहित्य परिषद** जस्तो साहित्यिक संस्थाको गठन र संचालनमा अग्रगण्य भूमिका खेलेका छन्। विभिन्न पुस्तक, पत्र-पत्रिकाहरूको सम्पादन, प्रकाशन गर्ने-गराउने गरेर पनि भारतीय नेपाली साहित्यको श्रीबृद्धिमा यथासम्भव योगदान दिएका छन् कवि तुलसी 'अपतन'-ले। नेपाली साहित्य जगतमा तुलसी 'अपतन'-का रूपमा परिचित र प्रसिद्ध भएका तुलसी बहादुर छेत्री भारतको पश्चिम बङ्गाल राज्यभित्रको दार्जीलिङ महाविद्यालयको स्नातक तहको नेपाली विभागको अध्यक्ष र उत्तर बङ्ग विश्वविद्यालयको नेपाली स्नातकोत्तर विभागको पहिलो विभागाध्यक्ष पनि हुन्। उनले शिक्षणका साथै सिक्किममा **अपतन साहित्य परिषद** गठनमा सक्रियता देखाएर, दार्जीलिङमा **नेपाली साहित्य सम्मेलन**को अध्यक्ष भएर, **दियालो**-को सम्पादक भएर नेपाली भाषा-साहित्यको सेवा संरक्षण र सम्बर्द्धनमा महत्त्वपूर्ण योगदान दिएका छन्। यति मात्र होइन, **इन्द्रकील पुष्पाञ्जलि** (कविता सङ्ग्रह), **बापू बन्दना** (खण्डकाव्य), **संकल्प, के होला ?, नहेर आज मलाई** (कविता सङ्ग्रह), **कर्ण कुन्ती** (खण्डकाव्य), **बुद्धिबँगारो** (मिनी खण्डकाव्य सङ्ग्रह), **कमल, विजय, जमाना बदलियो** जस्ता नाटक, एकांकी रचना र प्रकाशन गरेर भारतीय नेपाली साहित्यमा एउटा महत्त्वपूर्ण स्थान ओगट्न सकेको बोध हुन्छ। अहिलेसम्म उनका दश वटा कृतिहरू पुस्तकाकारको रूपमा प्रकाशित भइसकेका पाइन्छन् भने विभिन्न पत्र-पत्रिकाका फुटकर कविताहरू एकांकी नाटकहरू, लेखहरू अनि **बाबरी** उपन्यासको केही अंश छद्म नाममा प्रकाशित भएका पाइन्छन्। यिनै कवि तुलसी 'अपतन'-का सात वटा काव्य-कृतिहरूको विश्लेषणात्मक अध्ययन गर्ने कार्यमा यो शोधकार्य केन्द्रित रहेको छ।

### १.२ समस्याकथन

भारतमा विशेष गरेर सिक्किम र दार्जीलिङमा नेपाली साहित्यको श्रीबृद्धिको निम्ति आफ्नो जीवनको प्रमुख भाग खर्चिने कवि तुलसी 'अपतन'-को नाम उल्लेखनीय र स्मरणीय छ। सिक्किमेली नेपाली साहित्यको पहिलो प्रहरमा उदीयमान हुने कवि तुलसी 'अपतन'-को भारतीय साहित्यको विकासमा एक महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। भाषा र साहित्यले एउटा जाति र सम्प्रदायको अस्मितालाई निश्चित र दिगो बनाई

राख्छ भन्ने सत्य बुझेका कवि तुलसी 'अपतन'-ले नेपाली भाषा र साहित्यको विकास श्रीबृद्धि र प्रचार-प्रसारलाई मूलोद्देश्य राखेर अगमसिंह तामाङ, पदमसिंह सुब्बा, निमा वाङदी तारगेन जस्ता तीन उत्साही सहकर्मीहरूको सहभागितामा सन् १९४७, १५ अप्रेलको दिन गान्तोकमा **अपतन साहित्य परिषद**-को स्थापना गरेका थिए र आफू लगायत जम्मा चार जना महानुभव प्रत्येकको नामको पहिलो अक्षर मिलाएर यस साहित्यिक संस्थाको नाम **अपतन साहित्य परिषद** राखेका थिए। यसरी संस्था खोलिए तापनि तत्कालीन राजनैतिक स्थिति प्रतिकूल हुनाले छ महिनापछि मात्र त्यो संस्था जनसमक्ष प्रकाशमा आउन सकेको थियो। त्यतिञ्जेल लेखिएका **अपतन साहित्य परिषद**-का संस्थापक सदस्यहरूका कविताहरू केवल अपतन नामले प्रकाशित हुन्थ्यो। संस्थाको सञ्चालनको क्रममा प्रत्येक शनिबार साप्ताहिक गोष्ठी हुने गर्थ्यो र त्यस सभा वा गोष्ठीका प्रत्येक सदस्यले केही न केही स्वरचित रचनाहरू सुनाउनु पर्थ्यो। यसरी पठित कविताहरू संस्थाको **अमूल्य रत्न** र **फूलबारी** नामक वहीमा सङ्कलित गरिन्थ्यो। यसरी सङ्कलन गरी राखिएका कविताहरू पछि **इन्द्रकील पुष्पाञ्जलि** सन् ११५० मा सङ्कलित र प्रकाशित हुनसकेको पाइन्छ। परिषदको सञ्चालन सुविधाको लागि वर्षमा साप्ताहिक, मासिक र वार्षिक तीन साहित्यिक सभाहरू आयोजना हुन्थ्यो। सन् १९५० मा प्रकाशित कविता सङ्ग्रह **इन्द्रकील पुष्पाञ्जलि** सिक्किमेली नेपाली साहित्य जगतमा **अपतन साहित्य परिषद**-को पहिलो कोशेली हो। तुलसी 'अपतन'-को **कमल** नाटक पनि परिषदकै उपलब्धि हो। यसरी सन् १९४२ देखि फाटफुट रूपमा र सन् १९४७ देखि सक्रिय रूपमा कविता रचना गर्ने कवि तुलसी 'अपतन'-को व्यक्तित्व बहुआयामी रहेको देखिन्छ। त्यसैले प्रस्तुत शोधकार्य मुख्यत: निम्नलिखित शोधसमस्याप्रति निर्दिष्ट रहेको छ:-

(क) कवि तुलसी 'अपतन'-को कवि जीवनको उत्प्रेरणा के हो ?

(ख) कविताको सैद्धान्तिक पक्षको सापेक्षतामा उनका काव्य-कृतिहरू के कस्ता छन् ?

(ग) कवि तुलसी 'अपतन'-का नेपाली साहित्य सम्बन्धी मान्यता र अवधारणाहरू के के हुन् ? ती सबलाई उनले आफ्ना काव्य-कृतिहरूमा कसरी प्रतिपादन गरेका छन् ?

(घ) भारतीय नेपाली साहित्यको समुत्थानका निम्ति तुलसी 'अपतन'-ले के कस्तो योगदान दिएका छन् र उनका कृतिहरूको के कस्तो महत्त्व-मूल्य छ ?

प्राज्ञिक दृष्टिले उपर्युक्त समस्या वा प्रश्नहरूको समुचित छानबीन र लेखाजोखा एवम् अध्ययन आजसम्म हुन नसकेको देखिएको हुनाले यिनै प्राज्ञिक समस्याहरू रहेको अध्ययन र समाधानसँग प्रस्तुत शोधकार्य सम्बन्धित रहेको छ।

## १.३ शोध प्रबन्धको उद्देश्य

उपर्युक्त समस्या कथनमा उल्लेखित समस्याहरूप्रति सजग रही तुलसी 'अपतन'-लाई नेपाली साहित्यको समुत्थानका निम्ति उत्प्रेरित गर्ने कारकहरूको पत्तो लगाउनु तथा उनको सामाजिक, शैक्षिक र अन्य

पृष्ठभूमिहरूको खोजी गरी निष्कर्षमा पुग्ने प्रयास गर्नु नै प्रस्तुत शोधप्रबन्धको शीर्ष उद्देश्य रहेको छ। तुलसी 'अपतन'-ले नेपाली साहित्यको सम्बर्द्धनका निम्ति विभिन्न चरणहरूमा गरेका काव्य-कृतिहरूको कालक्रमिक विवेचना प्रस्तुत गरी तिनीहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ।

नेपाली साहित्यको आधुनिककालमा भारतबाट नेपाली कविता साहित्यलाई एउटा निर्दिष्ट बाटो निर्देशनार्थ सिक्किममा **अपतन साहित्य परिषद**-को स्थापना गरी त्यसलाई सक्रियता र गतिशीलता प्रदान गर्ने र साहित्य रचनामा नै जीवनको सार्थकता अनुभव गर्ने कवि तुलसी 'अपतन'-का काव्य-कृतिहरूको विश्लेषणात्मक अध्ययन गरी तिनीहरूको प्राज्ञिक मूल्याङ्कन गर्ने पनि प्रस्तुत शोध प्रबन्धको उद्देश्य हो। शोधको आधारमा कुनै पनि वस्तु, व्यक्ति र कृतिको उत्कृष्टता र निकृष्टताको सठीक प्राज्ञिक मूल्याङ्कन सम्भव हुन्छ। यस किसिमको प्राज्ञिक विश्लेषण र मूल्याङ्कनले विस्मृतिका गर्भमा रहेका प्रतिभा वा कृतिहरूलाई नौलो रूप दिएर प्रतिष्ठित र स्वीकार्य बनाउने काम गर्छ। भारतीय नेपाली साहित्यको पृष्ठभूमि तयार गरेर यसको विकास प्रक्रियामा सक्रिय रहनेहरूको ताँतीमा आफूलाई उभ्याउन समर्थ तुलसी 'अपतन'-का काव्य कृतिहरूहरूलाई शोधकार्यको विषय बनाई तिनीहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरेर कवि तुलसी 'अपतन' को काव्यिक चेतनामा प्रकाश पार्नु, कवि तुलसी 'अपतन'-का काव्य कृतिहरूको मूल्याङ्कन गर्नु यस शोध प्रबन्धको उद्देश्य रहेको छ।

## १.४ शोध प्रबन्धको सीमा र क्षेत्र

प्रस्तुत शोधकार्य तुलसी बहादुर छेत्री 'अपतन' शुरूदेखि अथवा सन् १९४३ देखि सन् १९९३ सम्म प्रकाशित मौलिक काव्य-कृतिहरू,फुटकर कविताहरूको विश्लेषण र मूल्याङ्कन गर्ने कार्यमा सीमित रहेको छ। साहित्यिक जीवनको सिर्जनाकालमा तुलसी 'अपतन'-ले नाटक, एकाङ्की, लेखहरू लेख्नुका साथै बंगलाबाट केही नेपालीमा अनुवाद पनि गरेका छन्, तर यो शोधकार्यको सीमा क्षेत्रभित्र उनका काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन मात्र सीमित छ।

शोधकार्यमा परिनिष्ठ प्रणाली र व्यावहारिक प्रक्रियामा आफ्नो कार्यको मौलिकता आदि विषयमा शोधकर्ताको पक्षबाट केही थप वैचारिक, नौलो विश्लेषण र मूल्याङ्कनको निचोड़ दिने औपचारिकताको परिपाटीलाई पालन गरेको सत्य त्यहाँ उल्लेख्य छ। यसको अनुपालन गर्ने क्रममा नेपाली, हिन्दी, बंगला, अङ्ग्रेजी भाषाका ग्रन्थहरूलाई तथा विभिन्न पत्र-पत्रिकाहरूलाई तथा अन्तर्वार्ताहरूलाई सन्दर्भको रूपमा लिएर आफ्नो शोधकार्यलाई अगाड़ि बढ़ाएको कुरा स्वीकार्दछु। ती सान्दर्भिक लेखहरूको अध्ययन र संयोजन गरेर नै आफ्नो विषयलाई पुष्टि गर्दै एकान्त प्रवाहमा शोधकार्य सम्पन्न गने प्रयास रहेको छ।

## १.५ पूर्वकार्यको समीक्षाः

कवि तुलसी 'अपतन' र उनका काव्य-कृतिहरूबारे यसभन्दा अघि विभिन्न विद्वान-समालोचकहरूले गेरका केही मुख्य समालोचना, चर्चा र विवेचनाहरूको संक्षिप्त विवेचना यहाँ ६ वर्गमा बाँड़ेर राखिएको छ। यस कार्य सुबिधाको निम्ति निम्नलिखित ढंगमा कालक्रमिक रूपमा राख्ने प्रयास रहेको छ:

### (अ) पत्र-पत्रिकामा प्रकाशित लेखः

| लेखक | शीर्षक | पत्रिका |
|---|---|---|
| १. शरद छेत्री | सन्दर्भः तुलसी 'अपतन' लिखित खण्डकाव्य संकलन | **प्रक्रिया** सामयिक विविध विषयक वर्ष, ४, अंक, ६, शोभा निवास, |
| 'कर्ण-कुन्ती' | सिकताम पश्चिम सिक्किम, | |
| दिसम्बर-जनवरी १९८९-९०.पृष्ठ ७०-८८. | | |
| २. बुद्ध सङ्गम | बरिष्ठ साहित्यकार डा॰ तुलसी बहादुर छेत्रीको परिचय | **हाम्रो देवराली** चतुर्थ मासिक परिचय सँगालो विशेषांक (रजत अङ्क), वर्ष १८, अङ्क २५ धोतरिया, दार्जीलिङ, अप्रेल १९९० पृष्ठ ८३-८५. |
| ३. महेन्द्र पी॰ लामा | ल्यूसिड एण्ड प्रोफाउण्ड, 'कर्ण-कुन्ती' | **इण्डियन लिटरेचर** (द्विमासिक) रिम्यूउ अफ अकादमी एवार्ड-विनिङ बुक्स, १९८९, पोइट्री, वर्ष २३, अङ्क १३८, साहित्य अकादमी, दिल्ली, जुलाई-अगष्ठ, १९९० पृष्ठ ४९-५५ |
| ४. डा॰ चन्द्रेश्वर दुबे. | 'मार्मिकतापूर्ण, अन्तर्ब्यथा, मानवीय सहज प्रवृत्ति और उदात्त साहित्यिक, ध्येय की कृति, 'कर्ण-कुन्ती' | **प्रकर** (आलोचना तथा पुस्तक समीक्षाका मासिक) पुरस्कृत भारतीय साहित्य:१८८९ वर्ष २२, अंक ११, ए-८/४२ राणा प्रताप बाग, दिल्ली-७. नवम्बर १९९०, पृष्ठ ३६-३९ |
| (५) देवेन्द्र भट्टराई | 'झुण्डिने, समात्ने र अड़िने टेको' | **कान्तिपुर** (साप्ताहिक), काठमाडौं, नेपाल २७ फागुन २०५७, तदानुसार २०००. |

शरद् छेत्रीले कवि तुलसी 'अपतन'-को सन् १९८८ मा प्रकाशित र सन् १९८९ मा दिल्ली साहित्य अकादमी पुरस्कारले पुरस्कृत खण्डकाव्य **'कर्ण कुन्ती'**-लाई तुलसी 'अपतन'-को साहित्यिक जीवनको उत्कृष्ट उपलब्धि मानेका छन् र यस कृतिलाई भारतीय नेपाली साहित्यको माइलखुट्टी हो भनेका छन्। यस लेखमा सिक्किममा 'अपतन साहित्य परिषद्' गठन गरेर नेपाली भाषा, साहित्य र जातिको अस्मितालाई

बचाउन कवि तुलसी 'अपतन'-ले भारतीय नेपाली साहित्यलाई विकसित तुल्याउन गरेका अपूर्व र उदाहरणीय कार्यको पनि लेखकले चर्चा गरेका छन्। **कर्ण-कुन्ती**-मा कवि तुलसी 'अपतन'-ले युद्धप्रतिको घृणा र तिरस्कार भाव देखाएर मानव संरक्षणको घोषणा गरेका छन् भन्ने कुरो पनि समालोचक शरद् छेत्रीले पूर्वोक्त लेखमा उल्लेख गरेका छन्। उत्तम श्रेणीको कर्म गर्नेको सफलता र अधम कर्म गर्नेको पतन अवश्यंभावी छ भन्ने महाभारतीय निचोड्लाई खुबै सरल, मार्मिक र बोधगम्य बनाएर कविले **कर्ण-कुन्ती**-मा प्रस्तुत गरेका छन् भन्ने विचार रहेको पाइन्छ समालोचक शरद् छेत्रीको।

बुद्ध सङ्गमले उनको **बरिष्ठ साहित्यकार डा० तुलसी बहादुर छेत्रीको परिचय** नामक लेखमा तुलसी 'अपतन'-को छोटो परिचय दिएका छन् र नेपाली साहित्यको सेवामा कटिबद्ध तुलसी 'अपतन' विभिन्न भाषाका ज्ञाता रहेका र रेडियो वार्ताकारको रूपमा पनि उनी आफ्नो परिचय स्थापित गर्न सक्षम रहेका छन् भनेका छन्। पूर्वोक्त लेखमा बुद्ध सङ्गमले तुलसी 'अपतन'-का केही अप्रकाशित कृतिहरूको पनि उल्लेख गरेका छन्।

महेन्द्र पी० लामाले उनको **ल्यूसिड एण्ड प्रोफाउण्ड** शीर्षक लेखमा कवि तुलसी 'अपतन'-को 'कर्ण-कुन्ती'-मा कवि तुलसी 'अपतन'-ले कुन्तीको मानसिक द्वन्दको चित्रण गर्न सफल भएका छन् र सामाजिक कुसंस्कारहरूका विरोधमा कर्णलाई विद्रोह बोल्न लगाएर कवि् तुलसी 'अपतन'-ले नव समाज निर्माणको आग्रह प्रकट गरेका छन् भन्ने विचार व्यक्त गरेका छन् भन्ने आशय व्यक्त गरेको पाइन्छ। यसरी कर्ण र कुन्तीको चारित्रिक विशेषता-आन्तरिक र बाह्य रूपको चित्रात्मक प्रस्तुतीसँगै कविको मानवोचित नव समाज निर्माणको आग्रहलाई लामाज्यूले प्रशंसा गरेका छन्।

आफ्नो लेख, 'मार्मिकतापूर्ण, अन्तर्व्यथामा मानवीय सहज प्रवृत्ति और उदात्त साहित्यिक ध्येय की कृति, **कर्ण-कुन्ती**'-मा समालोचक चन्द्रेश्वर दुबेले रवीन्द्रनाथ ठाकुरको 'कर्ण-कुन्ती संवाद'-मा आधारित कवि तुलसी 'अपतन'-को खण्डकाव्य **कर्ण-कुन्ती**-मा मातृत्व भावनाको आवेग र उद्वेगको मार्मिक चित्रण हुनु सकेको पाइन्छ र यसमा भाग्य र पुरुषार्थको महत्ता र श्रेष्ठता स्थापित गर्नु नै कवि तुलसी 'अपतन'-को मुख्य अभिप्राय रहेको बुझिन्छ भनेका छन्। **कर्ण-कुन्ती**-मा निर्वाह भएको नवीनता तथा समसामयिकता नै यसको प्रमुख विशेषता रहेको कुरो पनि उल्लेख गरेका छन्-समालोचक दुबेले। प्रस्तुत खण्डकाव्य महाभारत कथाको अत्यन्त उत्कृष्ट नेपाली प्रस्तुतीकरण हो र यो देश र विश्वको समसामयिक समस्याहरूको सन्दर्भमा खुबै उपयोगी, मार्मिक र प्रासांगिक छ भन्ने समालोचक दुबेको भनाइ रहेको पाइन्छ।

'झुण्डिने, समात्ने र अड़िने टेको' शीर्षक लेखमा दवेन्द्र भट्टराईले केही कालसम्म मौन बसेका जस्तो देखिए तापनि कवि तुलसी 'अपतन'-ले नेपाली साहित्यको फाँटमा **कर्ण-कुन्ती** खण्डकाव्य रचना गरेर एउटा विशिष्ट स्थान ओगट्न सकेका छन् भन्ने आशय व्यक्त गरेको पाइन्छ। समालोचक भट्टराईले कवि 'अपतन'-को भाषा-शैलीको पनि प्रशंसा गरेका छन्।

## (आ) पत्र–पत्रिकाभित्र गरिएका आंशिक चर्चा:

| लेखक | शीर्षक | पत्रिका |
|---|---|---|
| जगत छेत्री 'कोविद' | 'दार्ज़ीलिङमा नेपाली | **'मधुपर्क'** मासिक, वर्ष ६, अंक ३, गोर्खा |
| लेखक | **शीर्षक** | **पत्रिका** |
| | भाषा र साहित्य: ऐतिहासिक सिंहावलोकन | संस्थान, काठमाडौं, श्रावन २०३०; जुलाई–अगष्ट १९७३, पृष्ठ ११०–१२२. |
| जीवननाथ अधिकारी | 'दार्जीलिङमा कविता साहित्यको रूप' | **'दीयो'** मासिक, वर्ष १९, अंक ८–९ जीवन ज्योति प्रकाशन, दार्जीलिङ, अगस्त–सेप्टेम्बर, १९७३, पृष्ठ ५–१२. |
| लक्खीदेवी सुन्दास | दार्जीलिङका कविहरूको 'शोक कविता' | **'गरिमा'** मासिक, वर्ष १९, अङ्क ३, पुर्णाङ्क: २७, साझा प्रकाशन, ललितपुर काठमाडौं, फागुन २०४१, पृष्ठ १७–२१. |
| जीवन नामदुङ | 'दार्जीलिङ विषयका केही नेपाली कविता' | **'हाम्रो ध्वनि'**, मासिक, बृहत विशेषांक वर्ष १२, अंक २, पुर्णाङ्क ८८, हाम्रो ध्वनि प्रकाशन, गुवाहाटी, आसाम अक्टोबर १९८८, पृष्ठ ६७–७१. |
| सानुभाई शर्मा | सिक्किमेली साहित्यमा क्षेत्रीयता तथा राष्ट्रीयताको छाप | **'प्रक्रिया'** (सामयिक विविध विषयक संकलन), वर्ष ११, अंक २०. शोभा निवास सिक्ताम, प॰ सिक्किम, १९९८/२०५४. पृष्ठ ९–१७ |
| पदमसिंह सुब्बा 'अपतन' | 'कवि राम अपतन कवि भइछाडे' | **'प्रक्रिया'** (सामायिक विविध विषयक संकलन), वर्ष १२, अंक २१. 'शोभा निवास', सिक्ताम, प॰ सिक्किम, १९९८/२०५४, पृष्ठ ९–१७. |
| विजय बान्तवा | 'सिक्किमको साहित्य र पत्रकारिताको ऐतिहासिक पृष्ठभूमि: एक अवलोकन' | पूर्ववत्, पृष्ट १६८–१८१. |
| केदार गुरूङ | 'सिक्किमको भूमिमा पल्हाएर हुर्केका नेपाली कविताहरू' | **'अवलोकन'** (अनुसन्धानात्मक तथा समालोचनात्मक पत्रिका), वर्ष २, अङ्क २, अवलोकन साहित्य प्रतिष्ठान, पोखरा वि॰ स॰ २०५८, पृष्ठ ५२–६९ |

जगत छेत्रीले उनको आफ्नो लेख 'दार्जीलिङमा नेपाली भाषा र साहित्य :ऐतिहासिक सिंहावलोकन'-मा सिक्किमेली नेपाली साहित्यको विकासमा एउटा माइल खुट्टी मानिएको **'अपतन साहित्य परिषद'**-को स्थापनामा आफ्नो सक्रियता देखाएर आफूलाई नेपाली भाषा-साहित्यको सेवकका रूपमा प्रस्तुत गर्ने तुलसी 'अपतन'-को दार्जीलिङे नेपाली साहित्यप्रतिको योगदानको सराहना गरेका छन्।

जीवननाथ अधिकारीले आफ्नो लेख 'दार्जीलिङमा कविता साहित्यको रूप'-मा कवि तुलसी 'अपतन'-लाई लेखनाथीय परिष्कारवादी धारामा कविता रचना गर्ने कविका रूपमा चिह्नाउने प्रयास गरेर उनलाई 'शास्त्रीय कवि' भन्न सकिन्छ भन्ने विचार व्यक्त गरेको पाइन्छ। कला र भावको मधुर समन्वयसँगै कवितालाई जीवनोपयोगी बनाउने उद्देश्य राखेर कविता रचना गर्ने कवि तुलसी 'अपतन'-का अप्रकाशित कृतिहरूको चर्चा पनि अधिकारीले गरेका छन्।

'दार्जीलिङका कविहरूको शोक कविता' शीर्षक लेखमा श्रीमती लक्खी देवी सुन्दासले नेपाली 'शोक कविता' रचना गर्ने दार्जीलिङका कविहरूमध्ये कवि तुलसी 'अपतन'-को नाम अग्र स्थानमा लिन सकिन्छ भनेकी छिन्। अखिल भारतीय गोर्खालीगका नेता डम्बरसिंह गुरूङको निधनमा कवि तुलसी 'अपतन'-द्वारा रचिएको 'डम्बर स्मृति' नामक शोक कविताको उल्लेख गरेर त्यस कवितामा भारतीय नेपालीहरूको आर्थिक, सामाजिक र राजनैतिक स्थितिको चित्र प्रस्तुत हुनसकेको पाइन्छ भन्ने विचार व्यक्त गरेकी छन्।

आफ्नो लेख 'दार्जीलिङ विषयक केही नेपाली कविता'-मा लेखक जीवन नामदुङले कवि तुलसी 'अपतन'-को 'यो हो दार्जीलिङ' शीर्षक कविताको चर्चा गरेका छन्। अनेकतामा एकताको भावलाई चरितार्थ गराउने दार्जीलिङे समाजमा तथाकथित आधुनिक शहरवासीहरूको बाह्याडम्बरपूर्ण प्रवृत्तिलाई प्रस्तुत कविताको माध्यमद्वारा कवि तुलसी 'अपतन'-ले प्रहार गरेका छन् भनेका छन्- लेखक नामदुङले।

'सिक्किमेली साहित्यमा क्षेत्रीयता तथा राष्ट्रीयताको छाप'-लेखक सानुभाई शर्माले इन्द्रकील **पुषाञ्जलि**-मा परेका कविताहरूमा पाइने राष्ट्रीयता र क्षेत्रीयताको लेखाजोखा गर्दा तुलसी 'अपतन'-का 'अदृश्य छाँगु', 'सिक्किम' जस्ता कविताहरूमा पाइने राष्ट्रप्रेमको चर्चा गरेका छन्। लेखकले कवि तुलसी 'अपतन' कै 'साहित्यिक होली' कवितामा पाइने मानवतावादी विचारलाई पनि प्रकाश पारेका छन्।

पदमसिंह सुब्बा 'अपतन'-ले उनको लेख 'कवि राम अपतन कवि भइछाडे'-मा राम 'अपतन'-को कवि व्यक्तित्व निर्माण सम्बन्धी चर्चा गर्दा तुलसी 'अपतन'-ले राम 'अपतन'-लाई प्रत्यक्ष वा परोक्ष रूपमा कविता रचना गर्ने प्रेरणा दिएका थिए र नै राम 'अपतन' कवि हुनसके भन्ने विचार व्यक्त गरेका छन्।

'सिक्किमको साहित्य र पत्रकारिताको ऐतिहासिक पृष्ठभूमि : एक अवलोकन' सिक्किममा नेपली साहित्यको थालनी र विकासमा तथा प्रचार र प्रसार एवं सम्बर्द्धनमा तुलसी 'अपतन'-को महत्त्वपूर्ण योगदान रहेको कुराको चर्चा गरेका छन्। चर्चाको क्रममा बान्तवाले कवि तुलसी 'अपतन' उनका उत्तरवर्ती कविहरूको निम्ति प्रेरणाका स्रोत बनेका पनि उल्लेख गरेका छन्। सिक्किमबाट दार्जीलिङ बसाई सरे पनि नेपाली

भाषा-साहित्य सेवामा नै तुलसी 'अपतन'-ले आफ्नो जीवनकाल खर्चेको कुरालाई नेपाली साहित्यको एउटा महत्त्वपूर्ण उपलब्धि हो भन्ने विचार पनि व्यक्त गरेका छन् लेखक बान्तवाले।

'सिक्किमको भूमिमा पह्लाएर हुर्केका नेपाली कविताहरू' लेखमा लेखक केदार गुरूङले 'अपतन साहित्य परिषद'-का संस्थापक सदस्यहरूमधे तुलसी 'अपतन' सशक्त र सक्रिय कवि हुन् भन्ने कुराको पुष्टि गरेका छन्। यस संस्थाबाट सर्वप्रथम प्रकाशित कविता सङ्ग्रह **इन्द्रकील पुष्पाञ्जलि** (सन् १९५०) मा परेका छन् भन्ने तथ्य उल्लेख गरेका छन्।

## (इ) समालोचना सङ्ग्रहभित्रका लेख :

| लेखक | लेख | ग्रन्थ |
|---|---|---|
| डा॰ कमला सांकृत्यायन | नेपाली '**कर्ण-कुन्ती**' र हिन्दीको **रश्मिरथी** एउटा तुलनात्मक दृष्टिकोण | '**स्थापना**' (सामाजिक विविध रचनाहरू) प्रक्रिया प्रकाशन, जुलाई १९९० पृष्ठ ५९-६७ |
| जयदेव भट्टराई | नेपाल र नेपाल बाहिर बसेर साहित्य लेख्ने साहित्यकार | **व्यक्तित्व र शब्दचित्र** वि॰ स॰ २०५३ पृष्ठ १५-१६ |
| डी॰ कुमार परियार | डा॰ तुलसी 'अपतन' | **साहित्यिक-परिचय**, साझा पुस्तक प्रकाशन दार्जीलिङ, सन् २००० पृष्ठ ११-१२ |

आफ्नो समालोचनात्मक लेख, 'नेपाली **कर्ण-कुन्ती** र हिन्दीको **रश्मिरथी** : एउटा तुलनातमक दृष्टिकोणमा लेखिका कमला सांकृत्यायनले सातौं सर्गमा लेखिएको खण्डकाव्य **रश्मिरथी**-को पाँचौं सर्गमा मात्र **कर्ण-कुन्ती** परिचयको संक्षिप्त वर्णन पाइन्छ तर नेपालीको **कर्ण-कुन्ती**-मा चाहिँ कर्ण-कुन्ती परिचय र भेटलाई कथानकको रूपमा लिएर खण्डकाव्य लेखिएको छ भन्ने विचार प्रकट गरेकी छन्। कुन्तीको असहायपनका संवादात्मक अभिव्यक्तिहरू दुवै खण्डकाव्यको मर्म बन्न पुगेको कुरो पनि यस लेखका लेखिकाले भनेकी छन्। कर्णको मन:स्थिति पनि यी दुवै खण्डकाव्यहरूमा नाटकीय बन्न पुगेको छ भन्ने लेखिकाको मन्तव्य रहेको पाइन्छ।

लेखक समालोचक जयदेव भट्टराईले नेपाल र नेपाल बाहिर बसेर साहित्य लेख्ने साहित्यकार शीर्षकको आफ्नो लेखमा तुलसी 'अपतन'-ले भारतीय नेपाली साहित्यलाई दिएको योगदान महत्त्वपूर्ण छ भनेका छन् र तुलसी 'अपतन'-को व्यक्तित्व पत्रकार, नाटककार वा सम्पादक भन्दा पनि कविकै रूपमा बढ़ी प्रभावशाली, प्रतिष्ठित र टड्कारो रहेको पाइन्छ भन्ने आफ्नो विचार व्यक्त गरेका छन्।

डी॰ कुमार परियारले 'डा॰ तुलसी 'अपतन' भन्ने परिचात्मक लेखमा कवि तुलसी 'अपतन' मात्रिक र

वार्णिक दुवै छन्दमा मात्र होइन गद्यशैलीमा पनि कविता रचना गर्न सिपालु रहेको कुराको चर्चा गरेका छन्।तुलसी 'अपतन'-ले नाटकादि रचना गरेर नेपाली साहित्यमा थप योगदान दिए तापनि उनको कवि व्यक्तित्व नै सशक्त र टड्कारो रहेको छ भन्ने लेखक परियारको मन्तव्य रहेको पाइन्छ।

## (ई) ग्रन्थभित्र गरिएका आंशिक चर्चा :

| लेखक | ग्रन्थ |
|---|---|
| असित राई | **भारतीय नेपाली साहित्यको विकासक्रम**, नेपाली अकादमी, दार्जीलिङ सन् १९८६, पृष्ठ १९७ |
| नगेन्द्रमणि प्रधान | **डा॰ पारसमणिको जीवन यात्रा**, डा॰ पारसमणि प्रकाशन, दार्जीलिङ सन १९९१, पृष्ठ ३१३-३१४. |
| जीवन नामदुङ | **पर्यवेक्षण**, श्याम प्रकाशन, दार्जीलिङ, १९९२, पृष्ठ २४६, पृष्ठ २८९ |
| **लेखक** | **लेख** |
| प्रेम थुलुङ | **कवि अगमसिंह तामाङ र उनका कृति**, श्री डी॰ बी॰ राई, नाम्ची, १९९३ पृष्ठ ५-६. |
| हीरा छेत्री | **भारतीय नेपाली पत्र-पत्रिकाको शताब्दी** (१८८७-१९८६) शिवानी प्रकाशन रम्फू, पूर्व सिक्किम, सन् १९९३; पृष्ठ ७१. |
| धनश्याम नेपाल | **नेपाली साहित्यको परिचयात्मक इतिहास** (दोस्रो संस्करण) जन-पक्ष प्रकाशन, गान्तोक सिक्किम; सन् १९९४; पृष्ठ १२९ |
| भीम योञ्जन | **नेपाली साहित्यको संक्षिप्त इतिहास**, साझा पुस्तक प्रकाशन, दार्जीलिङ सन् १९९६, पृष्ठ ३३-३४ |
| डा॰ मोहन पी॰ दाहाल (सम्पादक) | **हाम्रा संस्था : एक परिचय** (दोस्रो संस्करण) नेपाली साहित्य प्रचार समिति, दुर्गागढ़ी; प्रधाननगर, सिलगढ़ी, सन् १९९६, पृष्ठ १९. |
| डा॰ इश्वर बराल (सङ्कलन सम्पादन शरद्चन्द्र शर्मा भट्टराई कमलकान्त सेढाई) | **भारतीय नेपाली साहित्य र साहित्यकार** निर्माण प्रकाशन, नामची (सिक्किम) सन् १९६८, पृष्ठ ५२-५३ |
| प्रा॰ शान्तिराज शर्मा | **नेपाली साहित्य-इतिहासको रूपरेखा उत्तर आधुनिक प्रस्तुति** (दोस्रो संस्करण) नेपाली साहित्य प्रचार समिति, दुर्गागढ़ी, सन् १९६८, पृष्ठ १११. |

भारतीय नेपाली **साहित्यको विकासक्रम** नामक ग्रन्थमा नेपाली साहित्यको संरक्षण र श्रीबृद्धिका निम्ति कवि तुलसी 'अपतन'-ले गरेका भाषिक, साहित्यिक र शैक्षणिक कार्यहरूको चर्चा गरेर उनको कवि व्यक्तित्वमा प्रकाश पार्ने प्रयास गरेका छन् ग्रन्थकार असित राईले। नेपाली भाषा-साहित्यको क्षेत्रमा त्रिभुवन विश्वविद्यालय, काठमाडौंबाट विद्यावारिधि प्राप्त गर्ने प्रथम भारतीय नेपाली हुन् भन्ने कुरो ग्रन्थकार राईले उल्लेख गरेका छन्।

नगेन्द्रमणि प्रधानले प्रस्तुत ग्रन्थमा **अपतन साहित्य परिषद्, सिक्किम** शीर्षक अन्तर्गत **बापू बन्दना** (१९५०) जस्ता सरल, सहज र राष्ट्रप्रेमका कविता रचना गर्ने कवि तुलसी 'अपतन'-लाई नेपाली साहित्यको एउटा दह्रिलो आधारशिला तयार पार्ने कर्मठ साहित्यकारका रूपमा चिह्नाएका छन्।

जीवन नामदुङले उनको उक्त ग्रन्थमा देशप्रेम र राष्ट्रिय चिन्तनधाराका नेपाली कविताहरूको चर्चा गर्दा कवि तुलसी 'अपतन'-का 'न्याय ज्योति बाल्दछौं' र 'निभाऊ अग्नि' कविताको उल्लेख गर्दै कवि तुलसी 'अपतन'-लाई देशप्रेम र राष्ट्रिय चिन्तनधाराका कविका पङ्क्तिमा आसिन गराएका छन् र अनेकतामा एकताको मन्त्र व्यावहारिक रूपमा दार्जीलिङको एउटा छुट्टै विशेषता भएको तथ्य प्रस्तुत गर्दै उदाहरणस्वरूप कवि तुलसी 'अपतन'-को 'यो हो दार्जीलिङ' शीर्षक कविताको उल्लेख गरेका छन्।

**कवि अगमसिंह तामांग र उनका कृति**-मा प्रेम थुलुङले अपतन साहित्य परिषद, सिक्किम र यसका एक वरिष्ठ संस्थापक सदस्य कवि अगमसिंह तामांगका कविता-कृतिहरूको चर्चा-विवेचनाका सन्दर्भमा यस परिषदको गठन सञ्चालनमा कवि तुलसी 'अपतन'-को भूमिकाको उल्लेख गरेका छन् र आफ्नो भाषा-साहित्यप्रति कवि तुलसी 'अपतन'-को गहिरो श्रद्धा र प्रेम रहेको कुरोका पनि उल्लेख गरेका छन्। कवि तुलसी 'अपतन'-मा बङ्ला भाषा-साहित्यको प्रभाव परेको कुरा पनि प्रेम थुलुङले उल्लेख गरेका छन्।

हीरा छेत्रीले **भारतीय नेपाली पत्र-पत्रिकाको शताब्दी** नामक पुस्तकमा भारतीय नेपाली पत्र-पत्रिकाको चर्चाका सन्दर्भमा **उदय** पत्रिकाको चर्चा गरेका छन् र आ-आफ्ना रचनाहरू दिएर यस पत्रिकालाई दीर्घायु बनाउन सघाऊ पुऱ्याउने कवि-लेखकहरूको नाम उल्लेख गरेका छन्। त्यसरी नै **नेपाली साहित्य सम्मेलन**, दार्जीलिङको मुखपत्र **दियालो** पत्रिकामा दियालोलाई साहित्यकार एवम् पाठकहरूमाझ लोकप्रिय बनाउन र **दियालो**लाई गतिशील तुल्याउन तुलसी 'अपतन'-ले गरेका कार्यहरूको सराहना गरेका छन् ग्रन्थकारले।

डा॰ घनश्याम नेपालले आफ्नो **नेपाली साहित्यको परिचयात्मक इतिहास** नामक पुस्तकमा कवि तुलसी 'अपतन' शुरू शुरूमा परम्परागत शैलीमा आदर्शवादी र स्वच्छन्दतावादी भावधाराका कविता रचना गर्दथे भने पछि गएर उनले व्यङ्ग्यात्मक शैलीमा पनि कविता रचना गरेको पाइन्छ भन्ने विचार प्रकट गरेका छन्।

भीम थोञ्जनले आफ्नो 'नेपाली साहित्यको संक्षिप्त इतिहास' पुस्तकको नेपाली कविता साहित्यको इतिहास अंशमा कवि तुलसी 'अपतन' आधुनिक नेपाली कविता साहित्यमा सामयिक चेतना, विचार र

भावबोधका गद्य कविता लेख्ने स्मरणीय प्रतिभा हुन् भन्नखोजेका छन्।

**हाम्रा संस्था : एक परिचय** नामक पुस्तकमा 'अपतन साहित्य परिषद', सिक्किमको चर्चा गर्दा डा॰ मोहन पी॰ दाहालले **अपतन साहित्य परिषद**-का सर्वश्रेष्ठ साहित्यिक व्यक्तित्व तुलसी 'अपतन' हुन् भनेका छन्। सन् १९४३ देखि कवि तुलसी 'अपतन'-को कवि व्यक्तित्व प्रस्फुटित हुनथालेको र सन् १९४३ देखि उनका कविताहरू प्रकाशित हुनथालेको कुरो उल्लेख गरेका छन्। तुलसी 'अपतन'-ले एकाध नाटक लेखेका छन् र विश्वकवि रवीन्द्रनाथ ठाकुरका पद्य कृतिहरू अनुवाद गरेका छन् तापनि उनी मूलत: कवि नै हुन् भन्ने मन्तव्य व्यक्त गरेका छन् डा॰ दाहालले। तुलसी 'अपतन' नेपाली भाषा-साहित्य सम्बन्धी विषयमा शोधकार्य गरेर त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि उपाधि पाउने पहिला भारतीय नेपाली विद्वान हुन् भन्ने कुरा पनि सम्पादक दाहालले उल्लेख गरेका छन्।

अनुसन्धनात्मक समीक्षा-समालोचना गर्ने डा॰ ईश्वर बरालले **भारतीय नेपाली साहित्य र साहित्यकार** भन्ने ग्रन्थमा सन् १९५० को **इन्द्रकील पुष्पाञ्जलि** कविता सङ्ग्रहमा प्रकाशित कविताहरूका कविहरूको चर्चाको सिलसिलामा विभिन्न रस, भावका कविता रचनामा तिनताकका नेपाल र भारतका अरू कविहरूभन्दा तुलसी 'अपतन' उल्लेखनीय कवि प्रतिभा रहेको कुरा गरेका छन्।

## (उ) केही ग्रन्थ वा सङ्ग्रहका भूमिकाभित्र गरिएको आंशिक चर्चा :

| लेखक | ग्रन्थ |
|---|---|
| डा॰ ईश्वर बराल (सम्पादक) | 'भूमिका' **हिमालचुली** (कविता सङ्ग्रह, दोस्रो संस्करण, २०३०) साझा प्रकाशन, काठमाडौं, नेपाल, पृष्ठ २५. |
| श्रीमती लक्खीदेवी सुन्दास (सम्पादक) | **सम्मेलन कविता सङ्ग्रह** (नेपाली साहित्य सम्मेलनको निम्ति) श्याम ब्रदर्श प्रकाशन, दार्जीलिङ, १९८३, सम्पादकीय, पृष्ठ ट. |
| मोहन ठकुरी (सम्पादक) | **नेपाली कविता यात्रा**, साहित्य अकादेमी, दिल्ली, सन् १९८३. सम्पादकीय, पृष्ठ ५. |
| नन्द हाङखिम र कुमार घिसिङ (सम्पादक) | **आधुनिक नेपाली कविता**, साहित्य अकादेमी, दिल्ली १९९२, सम्पादकीय; पृष्ठ १५ |
| पदमसिंह सुब्बा 'अपतन' | **इन्द्रकील पुष्पाञ्जलि**, श्रीमती हिरालता शर्मा, आँकुरा प्रकाशन, गान्तोक (सिक्किम), १९९३ 'दुई शब्द'. |

**हिमालचुली** कविता सङ्ग्रहका सम्पादक ईश्वर बरालले उक्त कृतिको 'भूमिका'-मा कवि तुलसी 'अपतन'-का कवितामा शास्त्रीयताको राम्रो निर्वाह हुनसकेको कुरा गरेका छन् र कवि तुलसी 'अपतन'-का कवितामा यमक अलङ्कार प्रयोग पनि उल्लेखनीय रहेको छ भन्ने विचार प्रकट गरेका छन्।

आफ्नो कवि–जीवनको शुरूमा कवितामा छन्दको प्रयोगमा कवि शिरोमणि लेखनाथ पौड्याल र प० धरणीधर शर्माका परम्परगंत मान्यतालाई आदर्श मानेर कविता रचना गर्ने कवि तुलसी 'अपतन'–ले कालान्तरमा गद्यशैलीमा पनि कविता रचना गरेको र उनका कविताहरू आधुनिक विचारधाराको दृष्टिले पनि उल्लेखनीय रहेका पाइन्छन् भन्ने कुरा उल्लेख गरेकी छन् **सम्मेलन कविता सङ्ग्रहको** सम्पादिका श्रीमती लक्खीदेवी सुन्दासले उक्त सङ्ग्रहको 'सम्पादकीय'–मा। यसै सिलसिलामा सम्पादिका लक्खीदेवी सुन्दासले सिक्किममा अपतन साहित्य परिषद जस्तो साहित्यिक संस्था खोलेर त्यस संस्था/परिषदबाट **इन्द्रकील पुष्पाञ्जलि** कविता सङ्ग्रह प्रकाशित गरेर कवि तुलसी 'अपतन'–ले सिक्किममा नेपाली साहित्यलाई गतिशील तुल्याएको कुरा पनि उल्लेख गरेको पाइन्छ।

**नेपाली कविता यात्रा**–का सम्पादक मोहन ठकुरीले दिल्ली साहित्य अकादेमीद्वारा प्रकाशित पुस्तकको भूमिकामा वार्णिक र मात्रिक छन्दको परम्परागत शैलीमा कविता रचना गर्ने कविका रूपमा कवि तुलसी 'अपतन'–प्रसिद्ध छन् तापनि कवि तुलसी 'अपतन' हाइकु शैलीमा पनि कविता रचना गर्नसक्ने कवि हुन र आधुनिक नेपाली साहित्यमा उनको उल्लेखनीय स्थान रहेको छ भन्ने विचार व्यक्त गरेको पाइन्छ।

**आधुनिक नेपाली कविता** नामक कविता सङ्ग्रहको सम्पादकीयमा आधुनिक नेपाली कविताको चर्चा गर्दा **अपतन साहित्य परिषद**–का चार प्रमुख संस्थापक सदस्यहरूमध्ये कवि तुलसी 'अपतन'–का छन्दोबद्ध कविताहरूको आफ्नै विशेषता रहेको पाइन्छ र भारतीय नेपाली साहित्यको प्रचार–प्रसार र संरक्षण तथा श्रीबृद्धिमा कवि तुलसी 'अपतन'–को भूमिका महत्त्वपूर्ण रहेको कुरा सम्पादकद्वयले उल्लेख गरेका छन्।

सन् १९९३ मा आँकुरा प्रकाशन, गान्तोकबाट प्रकाशित **इन्द्रकील पुष्पाञ्जलि**–को द्वितीय (यथावत्) संस्करणको 'दुई शब्द'–मा पद्‌मसिंह सुब्बा 'अपतन'–ले कवि तुलसी 'अपतन' अपतन साहित्य परिषद, सिक्किमका कर्मठ एवम् सर्जक प्रतिभा थिए; उनी रसिला, हँसिला व्यक्तित्वका पनि धनी थिए र उनका एकाध कविताहरू भावसम्पदाका दृष्टिले केही दुर्बल र शिथिल प्रतीत भए तापनि अलङ्कार सम्पदाको दृष्टिले चाहिँ धनी छन् भन्ने विचार प्रकट गरेको पाइन्छ।

## (ऊ) लघु शोध प्रबन्धः

| शोधकर्ता | शीर्षक |
|---|---|
| विलास तामाङ : | **नेपाली भाषा–साहित्यको विकासमा 'अपतन साहित्य परिषद'–को योगदान** नेपली विभाग, उत्तर बंग विश्वविद्यालय सन् १९८८–८९ |
| कवि बस्नेत | **'तुलसी बहादुर छेत्री : व्यक्तित्व र कृतित्व'** नेपाली विभाग, उत्तर बंग विश्वविद्यालय, सन् १९९७ |
| भानु अधिकारी | **'कर्ण–कुन्ती' खण्डकाव्यको स्वरूप, संरचना र भाषा शैलीको विश्लेषणात्मक अध्ययन'** नेपाली विभाग, उत्तर बंग विश्वविद्यालय, सन् २००० |

विलास तामाङले उनको **नेपाली भाषा-साहित्यको विकासमा 'अपतन साहित्य परिषद'-को योगदान** नामक लघु शोध प्रबन्धमा सन् १९४७ मा गान्तोक, सिक्किममा स्थापित **अपतन साहित्य परिषद**-को सविस्तार चर्चाको क्रममा कवि तुलसी 'अपतन'-को भूमिका यसको स्थापनामा सर्वोपरि रहेको तथ्यलाई विस्तारपूर्वक वर्णन गरेका छन् र नेपाली साहित्यको प्रगतिमा **अपतन साहित्य परिषद**-को भूमिकाले यथोचित मार्ग निर्देशन गर्नसकेको छ भन्ने विचार व्यक्त गर्दै यसका निम्ति कवि तुलसी 'अपतन'-को सक्रियता र एकाग्रता प्रात: स्मरणीय रहेको छ भन्ने विचार पनि व्यक्त गरेका छन्।

आफ्नो लघु शोधप्रबन्धमा कवि बस्नेतले कवि तुलसी 'अपतन'-को संक्षिप्त जीवनी प्रस्तुत गरेर **अपतन साहित्य परिषद**-को माध्यमबाट सिक्किममा नेपाली साहित्यको मिर्मिरे बिहानीलाई उज्ज्वल बनाउने काम हुनसकेको छ भन्ने विचार व्यक्त गरेका छन्। शोधकर्ताले कवि तुलसी 'अपतन'-का मुख्य मुख्य कृतिहरूको समीक्षात्मक परिचय प्रस्तुत गरेर तिनीहरूको मूल्याङ्कन गर्ने प्रयास पनि गरेको पाइन्छ।

भानु अधिकारीको '**कर्ण-कुन्ती** खण्डकाव्यको स्वरूप, संरचना र भाषा-शैलीको विश्लेषणात्मक अध्ययन' नामक लघु शोध प्रबन्धमा शोधकर्ताले **'कर्ण-कुन्ती'**-लाई स्वरूप संरचना र भाषा-शैलीको कसीमा घोटेर यसको लेखाजोखा गर्ने प्रयास गरेको पाइन्छ। शोधकर्ताले **'कर्ण-कुन्ती'** खण्डकाव्यकार तुलसी 'अपतन'-ले आधुनिक नेपाली साहित्यको विकासोन्मुख स्वरूपलाई निश्चितता प्रदान गरेको कुरा पनि उल्लेख गरेका छन्।

## १.६ शोध शीर्षकको औचित्य :

पूर्वकार्यको समीक्षाबाट के कुरा स्पष्ट हुन्छ भने कवि तुलसी 'अपतन' वा उनको एकाध काव्यकृतिहरूको छिटफुट चर्चा-विवेचना भएको पाइए तापनि उनको सम्पूर्ण काव्यकृतिहरूको प्राज्ञिक विश्लेषण एवम् मूल्याङ्कन गर्ने र कवि तुलसी 'अपतन'-ले नेपाली साहित्य जगतमा गरेका कार्यावलीहरूको लेखाजोखा प्रस्तुत गर्ने एक सिङ्गो काम हुनसकेको देखिएन। प्रस्तुत शोधप्रबन्ध कवि तुलसी 'अपतन'-का काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको हुनाले यसमा कवि तुलसी 'अपतन'-को व्यक्तित्वका विभिन्न पक्षहरूको उद्घाटन र उनका काव्य कृतिहरूको पनि प्राज्ञिक विश्लेषण गरेर नेपाली साहित्यको इतिहासमा उनको स्थान निर्धारण गर्ने प्रयास पनि गरिने हुनाले प्रस्तुत शोध शीर्षकको औचित्य पुष्टि हुन्छ।

## १.७ शोध विधि:

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको लागि चाहिने आवश्यक सामग्रीहरू मूलरूपमा पुस्तकालयीय अध्ययनबाटै सङ्कलन गरिएका छन्। यस क्रममा मुख्यत: भारतको दार्जीलिङमा स्थित डा॰ पारसमणि स्मारक शोध पुस्तकालय; देशबन्धु जिल्ला पुस्तकालय; नेपाली साहित्य सम्मेलन पुस्तकालय; दार्जीलिङ सरकारी महाविद्यालयको

केन्द्रिय र नेपाली, अङ्ग्रेजी, बङ्ला, हिन्दी विभागका पुस्तकालयहरू; खरसाङको जन पुस्तकालय; कालिम्पोङको नेपाली साहित्य अध्ययन समितिको पुस्तकालय; उत्तर बंग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय आदिबाट सङ्कलन गरिएका छन्। यसको साथै व्यक्तिगत पुस्तकालयहरूबाट पनि चाहिएका सामग्रीहरूको सङ्कलन गर्ने काम गरिएको छ।

क्षेत्रीय अध्ययन जस्ता वैज्ञानिक पद्धतिभित्र पर्ने प्रश्नावली र अन्तर्वाता जस्ता उपकरणहरूद्वारा पनि तुलसी 'अपतन'-का विभिन्न कृति र कार्यहरू बारे जानकार व्यक्तित्वहरूबाट भेटघाट र पत्राचार गरेर प्राप्त जानकारीलाई पनि सामग्रीका रूपमा उपयोग गरिएको छ।

स्रोत व्यक्ति र उनीहरूबाट प्राप्त मुख्य जानकारी निम्नलिखित किसिमका छन्:

| स्रोत व्यक्ति | प्राप्त जानकारी |
|---|---|
| (१) डा० नगेन्द्रमणि प्रधान, दार्जीलिङ | कवि तुलसी 'अपतन'-का प्राथमिककालीन कृतिहरूको प्रकाशनबारे र उनको कवि व्यक्तित्वबारे जानकारी |
| (२) प्रा० सामतेन नर्बू | कवि तुलसी 'अपतन'-को स्वभाव, सामाजिक र शैक्षिक जीवनबारे जानकारीको निम्ति |
| (३) कवि तुलसी 'अपतन' | उनको बाल्यकाल, कर्ममय र साहित्यिक जीवनबारे जानकोरीको निम्ति। |
| (४) प्रा० ठाकुर प्रसाद पराजुली | सन् २००० मा नेपालबाट तुलसी 'अपतन'-ले पाएको भानु पुरस्कार सम्बन्धी जानकारी। |

## १.७.२ सैद्धान्तिक ढाँचा एवम् विश्लेषण र साधारणीकरण

उपलब्ध सामग्रीहरूको विश्लेषण र सामान्यीकरण (साधारणीकरण) गरी निष्कर्षमा पुग्ने क्रममा यस शोधकार्यमा मुख्यत: पूर्वीय र पाश्चात्य समालोचनाका सान्दर्भिक सिद्धान्त र पद्धतिहरूको उपयोग गरिएको छ। यस क्रममा विशेष गरी साहित्य समालोचनाका ऐतिहासिक जीवन चरित्रात्मक पद्धतिका साथै व्यक्तिपरक र कृतिपरक समालोचनासँग सन्दर्भित गरी प्रभावात्मक समालोचना पद्धति र व्याख्यात्मक एवं मुख्य निर्णायात्मक समालोचना प्रक्रियाको समेत आवश्यकता अनुरूप उपयोग र निर्वाह गरिएको छ। पूर्वीय र पाश्चात्य काव्य सिद्धान्तका अन्तर्गत कविता सिद्धान्त अन्तर्गत कविता सिद्धान्तलाई तथा कृति विश्लेषणका क्रममा भाषा-साहित्यका आधारभूत मान्यताहरूलाई पनि सम्बन्धित विषयको निरूपण गर्ने काममा आधार बनाइएको छ। कृति विश्लेषणकै क्रममा यहाँ पाश्चात्य नीतिपरक र समाजपरक समालोचना प्रणालीको पनि उपयोग गरिएको छ। यसरी प्रस्तुत शोध समस्या र त्यसका सामग्रीगत अपेक्षाले माग गर्ने उपयुक्त

आधारभूत पूर्वीय र पाश्चात्य समालोचना सिद्धान्त र विधिहरूको उपयोग गरी यहाँ सम्बन्धित सामग्रीहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ।

## १.८ शोध प्रबन्धको सङ्गठन:

प्रस्तुत शोधप्रबन्धको विषयलाई क्रमबद्ध र सिलसिलाबद्ध पारेर प्रस्तुत गर्नका निम्ति शोध प्रबन्धलाई जम्मा छ अध्यायमा विभाजित गरिएको छ र यसको सङ्गठन निम्नलिखित तरीकाले गरिएको छ:-

| | |
|---|---|
| पहिलो अध्याय- | शोध कार्यको परिचय। |
| दोस्रो अध्याय- | तुलसी 'अपतन'-को जीवनी र व्यक्तित्व। |
| तेस्रो अध्याय- | नेपाली साहित्यको विकासमा तुलसी 'अपतन'-ले गरेका साङ्गठनिक कार्यहरू। |
| चौथो अध्याय- | तुलसी 'अपतन'-को कविता यात्रा र काव्य प्रवृत्ति। |
| पाँचौ अध्याय- | तुलसी 'अपतन'-का काव्य कृतिहरूको विश्लेषणात्मक अध्ययन। |
| छैटौं अध्याय- | उपसंहार र निष्कर्ष। |

अन्तमा परिशिष्ट अनि सन्दर्भ ग्रन्थ विवरण।

प्रस्तुत शोध प्रबन्धका ६ अध्यायहरूमध्ये पहिलो अध्यायमा-शोधप्रबन्धको शीर्षक, शोध समस्याकथन, शोधप्रबन्धको उद्देश्य, शोध प्रबन्धको सीमा र क्षेत्र, पूर्वकार्यको समीक्षा, शोध शीर्षकको औचित्य, शोध विधि-सामग्री सङ्कलन विधि र साधारणीकरण विधि शोधकार्यको मुख्य निष्कर्ष र भावी शोधकर्तालाई सुझाव जस्ता सैद्धान्तिक कुराहरू रहेका छन्।

दोस्रो अध्यायमा ''तुलसी 'अपतन'-को जीवनी र व्यक्तित्व''-लाई जन्म, पुर्ख्यौली, बाल्यकाल र शिक्षा दीक्षा, ब्रतबन्ध एवं विवाह, पारिवारिक जीवन, कर्ममय जीवन-शैक्षिक जीवन र साहित्यिक जीवन, साहित्यमा प्रवेश, प्रभाव र प्रेरणा, पहिलो रचित र प्रकाशित रचना, पत्र-पत्रिकामा प्रकाशित रचनाहरू, अहिलेसम्म रचित एवं प्रकाशित कृतिहरूको तालिका, रूचि, मान, पदवी, सम्मान आदि बाँडेर चर्चा गरिएको छ।

''नेपाली साहित्यको विकासमा तुलसी 'अपतन'-ले गरेका साङ्गठनिक कार्यहरू'' नामक तेस्रो अध्यायमा मूलत: सिक्किमका 'अपतन साहित्य परिषद', दार्जीलिङ्का 'नेपाली साहित्य सम्मेलन'-मा गरेका कार्यहरूको विवेचनात्मक चर्चा गरिएको छ। अन्तमा निष्कर्ष दिइएको छ।

''तुलसी 'अपतन'-को कविता यात्रा र काव्य प्रवृत्ति'' नामक चौथो अध्यायमा तुलसी 'अपतन'-का काव्य-यात्राका चरणहरू छुट्ट्याएर तिनीहरूका चरणगत प्रवृत्तिहरूको विवेचना गरिएको छ। उनको

काव्य-यात्रालाई मूलतः प्रथम चरण (सन् १९४३ देखि सन् १९५९), दोस्रो चरण (सन् १९६० देखि सन् १९७६ सम्म), तेस्रो चरण (संन् १९७७ देखि सन् १९९३ सम्म) गरी जम्मा तीन चरणमा छुट्टयाइएको छ अनि अन्तमा निष्कर्ष पनि दिइएको छ।

"कवि तुलसी 'अपतन'-का प्रमुख काव्य-कृतिहरूको विश्लेषणात्मक अध्ययन" शीर्षक पाँचौ अध्यायमा उनका काव्ययात्राका सम्पूर्ण (५ वटा) कविता सङ्ग्रह अनि २ वटा खण्डकाव्य अनि १ वटा मिनी खण्डकाव्य सङ्ग्रहका विभिन्न पक्षहरूको आधारमा विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ अनि अन्तमा निष्कर्ष दिइएको छ।

प्रस्तुत शोध-प्रबन्धको छैटौं अध्याय "उपसंहार र निष्कर्ष" रहेको छ। यसमा प्रस्तुत शोध-कार्यबाट प्राप्त निचोड़लाई संक्षेपमा प्रस्तुत गर्ने काम गरिएको छ।

त्यसपछि परिशिष्टमा विभिन्न विद्वानहरूबाट लिइएका अन्तर्वार्ताहरू, तुलसी 'अपतन'-का अप्रकाशित रचनाहरू र तुलसी 'अपतन' सम्बन्धी महानुभावहरूको विचारहरू राखिएका छन्।

शोध-प्रबन्धको अन्तमा प्रस्तुत शोध प्रबन्ध तयारी पार्न उपयोग गरिएका पुस्तक एवम् पत्र-पत्रिकाहरूको नामावली, लेखकहरूको अकारादि नामक्रमअनुसार प्रस्तुत गरिएको छ।

## १.९ शोध कार्यको मुख्य निष्कर्षः

१ फरवरी १९२० मा आसामको डिब्रूगढ़मा स्व० चुनीलाल छेत्री र स्व० सावित्री देवीको कोखमा जन्म लिने कवि तुलसी 'अपतन'-ले मेट्रिकसम्मको अध्ययन आसाममा नै बंगला भाषाका माध्यममा गरेका थिए। सन् १९४० मा उनी दार्जीलिङ आई कालिम्पोङमा गुरु ट्रेनिङ (शिक्षक तालिम) प्राप्त गरे। सन् १९४१ देखि सन् १९४४ सम्म सिक्किमको नाम्ची मिडल स्कूलमा प्रधान अध्यापकको रूपमा सेवारत रहे। सन् १९४४ को अप्रेल महिनादेखि टासी नामग्याल हाई स्कूलमा शिक्षकको रूपमा नियुक्ति पाए पश्चात आफ्नो स्वतन्त्र अध्ययनको भरमा आई० ए० र बी० ए० सम्म पास गरे। सन् १९५३ देखि दार्जीलिङ सरकारी महाविद्यालयमा नेपाली विभागमा प्राध्यापकको पदभार सम्हाल्न पुगेपछि स्वतन्त्र अध्ययनकै भरमा एम० ए० गरे साथै विद्यावारिधिको काम पनि त्रिभुवन विश्वविद्यालय, काडमाडौंबाट शुरू गरे आंशिक शोधकर्ताको रूपमा। सन् १९७७ देखि उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागको अध्ययन र रिडरको पदभारको निम्ति नियुक्ति पाए अनि सन् १९७९ मा विद्यावारिधि (पी०एच०डी०) पनि प्राप्त गरी आफ्नो योग्यता प्रमाणित गर्न सकेको पाइन्छ।

सन् १९४३ देखि नै कवि तुलसी 'अपतन' कविता लेखनको माध्यमद्वारा नेपाली साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ। सिक्किम गएर नै आफ्नो साहित्यिक चेतना जागृत भएको कुरो अनि 'सक्छु' शीर्षक कविता सन् १९४३ मा बनारसबाट स्व० काशीबहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित हुने **उदय** पत्रिकामा प्रथपल्ट प्रकाशित भएको कवि स्वयं स्वीकार्छन् यसपछि विभिन्न पत्र-पत्रिकामा आफ्ना कविता, कथा, एकांकी अनि लेखादि प्रकाशित गर्नथालेको पाइन्छ। यति मात्र होइन **अपतन साहित्य परिषद**-का कवि बन्धुगण र

आफ्ना समकालीन सबै साहित्यप्रेमीहरूको निम्ति एकजना कर्मठ, प्रतिबद्ध प्रेरकको रूपमा उनी सक्रिय रहे। यसरी हेर्दा गार्हस्थ जीवनको बोझले पनि कवि तुलसी 'अपतन'-को सृजनशीलतामा कुनै प्रकारको शिथिलता ल्याउनु नसकेको पाइन्छ। फलस्वरूप फूटकर कविताहरूको अनवरत रूपमा प्रकाशन बाहेक पुस्तकाकारको रूपमा -(१) **इन्द्रकील पुष्पाञ्जलि** (कविता सङ्ग्रह) (सन् १९५०), (९ जना कविहरूमध्ये अधिकांश कविता तुलसी 'अपतन'-द्वारा नै रचित भएको पाइन्छ। यस सङ्ग्रहमा), (२) **बापू बन्दना** (खण्डकाव्य),(सन् १९५२), (३) **संकल्प** (कविता सङ्ग्रह)(सन् १९५६), (४) **के होला ?** (कविता सङ्ग्रह) (सन् १९५९), (५) **नहेर आज मलाई** (कविता सङ्ग्रह) (सन् १९७६), (६) **कर्ण-कुन्ती** (खण्डकाव्य),(सन् १९८८), अनि (७) **बुद्धिबँगारो**(मिनी खण्डकाव्य सङ्ग्रह) (सन् १९९३) अनि (१) **कमल** (सन् १९५३), (२) **विजय** (सन् १९५५, (३) **जमाना बद्लियो** (सन् १९५६) नाटक, एकाङ्की प्रकाशित भएका पाइन्छन्। विश्वकवि रवीन्द्रनाथ ठाकुरको कविताहरू पनि नेपालीमा अनुवाद गरेका छन्। ती हुन्- (१) **रवीन्द्र रचनावली** [खण्ड-३ (कविता)] (सन् १९६४) अनि **संचयिता** (कविता सङ्ग्रह) (सन् १९६५)। **हिमाली साहित्य सोपान** (सन् १९७४) अनि **सम्मेलन कथा सङ्ग्रह** (सन् १९७७) जस्ता कृतिहरू तथा **दियालो** र **अकादमी पत्रिका** जस्ता साहित्यिक पत्रिकाहरूको र **हिमाली आभा** (दैनिक समाचार पत्र)को सम्पादन गरेर पनि उनले आफ्नो दक्षताको परिचय दिन सकेको पाइन्छ।

कवि तुलसी 'अपतन'-को रूचि विशेष साहित्य सृजना गर्नु, छिमेकी भाषा-साहित्यहरू सिक्नु र पढ्नु, संगीत सुन्नु, ब्याडमिन्टन र टेबल टेनिस खेल्नु रहेको पाइन्छ भने अवकाश प्राप्तपछि फोटोग्राफीमा रूचि राख्नथालेको पाइन्छ। साहित्य सृजनाप्रतिको रूचिलाई उनको बार्धक्यले छेक्न नसकेको कुरोलाई प्रमाणित गर्छ भवानी घिमिरेज्यूको सम्पादनमा प्रकाशित हुने **भानु** (नेपाली मासिक)-को वर्ष : ४२, पूर्णाङ्क : ८६, सिक्किम विशेषांक-२०६२ वैशाखमा संकलित 'मेरो जीवनसँग सिक्किमको साइनो' (पृष्ठ २२०-२२२) शीर्षक लेखले।

विभिन्न संघ-संस्थाबाट विभिन्न समयमा पुरस्कृत र सम्मानित हुने क्रममा तुलसी बहादुर छेत्री उर्फ डा॰ तुलसी 'अपतन' दिल्लीबाट साहित्य अकादमी पुरस्कारद्वारा सन् १९८९ मा पुरस्कृत भए-उनको खण्डकाव्य **कर्ण-कुन्ती**-को निम्ति। त्यसपछि काठमाडौंबाट **'सैनध्वज नन्दकुमारी पुरस्कार'** (सन् १९९२), **'भानु पुरस्कार'** (सन् २०००), **'वेदनिधि पुरस्कार'** (सन् २००२) उनलाई क्रमैले प्राप्त भएको छ भने **'दार्जीलिङबाट नेपाली साहित्य सम्मेलन पुरस्कार'** (सन् २००३) अनि नेपाली साहित्य परिषद, सिक्किमबाट गत वर्ष (सन् २००५)-मा प्रतिभा सम्मानले पुरस्कृत भएका छन्।

सन् १९४१ देखि नाम्ची बसाईको अवधिदेखि नै साहित्य सृजनातर्फ संग्लग्नता देखाउने कवि तुलसी 'अपतन' सन् १९४४ मा टाशी नामगेल स्कूल, गान्तोकमा शिक्षकको रूपमा गए पछि आफ्ना सहकर्मीहरू श्री अगमसिंह तामाङ, श्री पदमसिंह सुब्बा, अनि निमा वाङदी तारगेनसँग मिलेर तुलसी 'अपतन'-कै



LIBRARY NBU, DARJEELING
196224
11 MAY 2007

सत्प्रयासमा **अपतन साहित्य परिषद** गान्तोकमा स्थापना गरे। यसरी नेपाली भाषा र साहित्यको प्रचार प्रसारलाई मूलोद्देश्य बनाएर स्थापित साहित्यिक संस्थाको नाम यी चार संस्थापक सदस्यहरूका नामको अघिल्लो अक्षर मिलाएर **'अपतन साहित्य परिषद'** राखियो जसको माध्यमद्वारा साङ्गठनिक रूपमा नेपाली भाषा र साहित्यको श्रीवृद्धि साथै विकास गान्तोक, सिक्किममा सम्भव भयो। यस संस्थाको पृष्ठभूमिको अध्ययन गर्दा सिक्किममा नेपालीहरूको बसोबासो विषय पाइएको जानकारी अनुसार भोटे, लाप्चेसँगै नेपालीहरूको बसोबासो ईशाको चौंधौं–पन्ध्रौं शताब्दीबाट नै हुँदै आएको पाइन्छ। सिक्किममा नेपाली भाषाको प्रयोग प्रचलन पनि यसैकालदेखि हुँदैआएको ज्ञात हुन्छ भने नेपाली भाषाको पठन पाठन भने उन्नाइसौं शताब्दीको मिशनरीहरूको शिक्षा प्रचारको माध्यमद्वारा भएको पाइन्छ। सन् १९२४ देखि श्री पारसमणि प्रधानका नेपाली पुस्तकहरू प्रकाशनमा आएर पाठ्यक्रममा राखिएपछि सिक्किममा नेपाली भाषाले पठन पाठनको क्षेत्रमा विस्तारिने मौका पाएको देखिन्छ।

१५ अप्रेल १९४७ को दिन गोप्य रूपमा स्थापित सिक्किमको जेठो साहित्यिक संस्था **अपतन साहित्य परिषद** सेप्टेम्बर १९४७ मा सार्वजनिक भएपछि यसको माध्यमद्वारा नेपाली भाषा र साहित्य प्रचार प्रसारमा आउन थाल्यो। यसमा तुलसी 'अपतन'–को भूमिका श्रेयस्कर पाइन्छ। सिक्किमको प्रथम हस्तलिखित पत्रिकाद्वय यसै संस्थाको उपलब्धि हुन्, यसमा सङ्कलित कविताहरू यसै संस्थाबाट सर्वप्रथम प्रकाशित **इन्द्रकील पुष्पाञ्जलि** (कविता संग्रह) सन् १९५० मा प्रकाशित छन्। नेपाली भाषा साहित्य बाहेक अन्य भाषा साहित्यको पनि संरक्षण सम्बर्द्धन गर्ने हेतुले स्थापित यस संस्थाले तुलसी 'अपतन'–को नेतृत्वमा धैरै सामाजिक कार्यहरू पनि सम्पन्न गरेको पाइन्छ।

सन् १९५३ मा सिक्किमबाट दार्जीलिङ सरकारी महाविद्यालयमा प्राध्यापकको पदभार सम्हाल्न आएपश्चात तुलसी 'अपतन' **नेपाली साहित्य सम्मेलन**, दार्जीलिङको सदस्य, लेखक, अध्यक्ष, सम्पादकको रूपमा नेपाली भाषा र साहित्यको सेवा गर्ने मौका पाए। उनकै सम्पादीय कालमा **दियालो** त्रयमासिक देखि मासिक पत्रिकाको रूपमा प्रकाशनमा आउन थाल्यो। उनकै अध्यक्षीय कालमा नेपाली भाषालाई संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गर्नार्थ तुलसी 'अपतन'–को सक्रिय भूमिका रहेको पाइन्छ। यसबाहेक उनकै नेतृत्वमा यस संस्थाले विभिन्न प्रकारको साहित्यिक कार्यहरू सम्पन्न गरेको पनि पाइन्छ।

कवि तुलसी 'अपतन'–को कविता यात्राको अध्ययन गर्दा यसलाई मूलत: तीन चरणमा विभाजन गर्न सकिन्छ- सन् १९४३ देखि **के होला?** (सन् १९५९) को प्रकाशनसम्मको अवधिलाई उनको काव्ययात्राको प्रथम चरण, सन् १९६० देखि **नहेर आज मलाई** (सन् १९७६) सम्मको अवधिलाई दोस्रो चरण अनि सन् १९७७ देखि **बुद्धिबँगारो** सन् १९९३ सम्मको काल तेस्रो चरण हो। कवि तुलसी 'अपतन'–का प्रथम चरणका कविताहरूमा शास्त्रीयवादी प्रवृत्ति, सामाजिक चेत, नैतिक–उपदेशात्मकता, मानवताको भाव, राष्ट्रप्रेम, जातीय भावना अनि रोमाण्टिसिज्मका प्रवृत्तिहरू पाइन्छन्। भक्ति तथा शान्त र करूण रस पाइन्छन् उनका यस समयका कथाहरूमा। भाषिक सरलता आदि कविको विशेषता रहेको पाइन्छ। छन्द र अलङ्कारप्रतिको आग्रह र तोटक, पञ्चचामर आदि छन्दको प्रयोगले उनका यस चरणका कविताहरू शास्त्रीय

वादी ढाँचाका देखिन्छन्। यस चरणका केही कविताहरू काव्यात्मकताका दृष्टिले केही कमजोर पनि रहेको पाइन्छन्।

कवि तुलसी 'अपतन'-का काव्ययात्राको दोस्रो चरणको कविता सङ्कलन **नहेर आज मलाईमा** सङ्ग्रहित र प्रकाशित कविताहरू विभिन्न अगावै प्रकाशित भएको पाइन्छन्। रोमाण्टिसिज्मका विभिन्न प्रवृत्तिहरूका साथै मातृचेतको भाव अनि आधुनिकतावादी प्रवृत्तिहरू उनका यस चरणका प्रवृत्तिगत विशेषताहरू रहेका पाइन्छन्। छन्दको आकृष्टिबाट उन्मुक्त हुन नसके पनि आधुनिकताको देन गद्य कविता लेखनको प्रारम्भ यस काव्यचरणको एउटा विशेष विशेषता हुन गएको देखिन्छ। यस चरणमा उनको काव्यगत भाषाशैलीमा सरलता, सुबोधता, कलात्मकता आदि पाइन्छन्। विम्ब विधानको दृष्टिकोणले उनका यस चरणका कविताहरूको आफ्नो स्थान रहेको पाइन्छ। मानवीय यथार्थलाई साहित्यिक मर्यादा दिनमा यस चरणका कविताहरू धेरै सक्षम रहेको छ। सारांशमा भन्नें हो भने उनको काव्यिक चेतनाको विकासक्रममा **नहेर आज मलाईले** उनको कविता यात्राको संक्रमणकालको प्रतिनिधित्व गरेको पाइन्छ।

कवि तुलसी 'अपतन'-का तेस्रो चरणका काव्यकृतिहरू उनको वैचारिक वयस्कताका अभिव्यक्तिहरूको रूपमा रहेको पाइन्छ। सामाजिकता, विद्रोहात्मकता, मनोवैज्ञानिकता, मानवता र मानवीय मूल्यबोधको स्थापना, नारी महत्ताको स्थापना, कर्मवाद, दार्शनिकता आदि कवि तुलसी 'अपतन'-का काव्य यात्राका तेस्रो चरणका भावधाराका रूपमा पाइन्छ। **कर्ण-कुन्ती** र **बुद्धिबँगारो** जस्ता यस चरणका कृतिहरूमा पाइने सरलता, गद्यात्मकता, नाटकीयता, औपन्यासिकता, कलात्मकता, व्यङ्ग्यात्मकता आदि भाषिक र शैलीगत विशेषताहरूले सौन्दर्यत्मकता प्रदान गरेको पाइन्छ। विम्ब, प्रतीक अनि मिथकको प्रयोगले यी कृतिद्वयमा नौलो आयाम थपेको छ। यी कृतिहरूमा प्रतिपादित भाव विचार उच्च उदात्त रहेको छ, भाव अनुरूप भाषा शैली, अलङ्कार, रस, मुक्त छन्द आदिको यथास्थान निर्वाह भएकोले यस चरणका काव्य कृतिहरू उच्चस्तरीय पाइन्छ। आजको मानवीय अस्मिताको प्रश्न र यसको संरक्षणको अनिवार्यता मूल विषय रहेको युगीन सापेक्षतमा शान्ति, सदभावना, दया, प्रेम, अहिंसा जस्ता मानवीय भावनाहरूको संरक्षणले मात्र सृष्टि संरक्षण्को सम्भव रहन्छ भन्ने विषयको प्रतिपादन बढ़ी जीवनोपयोगी भएको पाइन्छ।

यसरी कवि तुलसी 'अपतन'-का काव्य यात्राका उपलब्धिहरूको विश्लेषण, अध्ययन, अनुशीलन गरेर हेर्दा मैथ्यु आर्नोल्डको सिद्धान्त 'कविता जीवनको आलोचना हो' -लाई कविले आफ्नो कवितात्मक रचनाको सैद्धान्तिक पक्षको रूपमा लिएको पाइन्छ।

गान्तोक, सिक्किममा **अपतन साहित्य परिषद** सन् १९४७ को अप्रेल महिनामा गोप्य रूपमा स्थापना गरेर अनि सन् १९४७ कै सेप्टेम्बर महिनामा सार्वजनिक गरेर संस्थागत रूपमा नेपाली साहित्यको प्रचार-प्रसार र विकासमा विशेष योगदान दिने काममा तुलसी 'अपतन'-को भूमिका अपूर्व रहेको पाइन्छ।सर्वप्रथम विशेष चारजना सदस्यहरू-अगमसिङ तामाङ, पदमसिंह सुब्बा, तुलसी बहादुर छेत्री अनि निमा वाङदी तारगेन मिलेर गोप्य रूपमा स्थापना गरेको यो संस्थालाई नै सिक्किममा नेपाली भाषा साहित्यको पृष्ठभूमि

मानिएको पाइन्छ। यस संस्थाकै अवदान हो सिक्किमको प्रथम हस्तलिखित पत्रिकाद्वय **अमूल्य रत्न** र **फूलबारी**। पछि यसैमा संकलित कविताहरूलाई **इन्द्रकील पुष्पाञ्जलि** कविता सङ्ग्रह (सन् १९५०)-मा प्रकाशित गरियो। नेपाली नाटकहरूको मञ्चनमा पनि यस संस्थाले सक्रियता देखाएको पाइन्छ।

सन् १९५३ को मई महिनामा तुलसी 'अपतन' सिक्किमबाट दार्जीलिङ सरकारी महाविद्यालयमा अध्यापकको पदमा नियुक्ति पाएर आए पश्चात दार्जीलिङको नेपाली साहित्य सम्मेलनको सदस्य, लेखक, अध्यक्ष रहेर साथै यस संस्थाबाट प्रकाशित हुने पत्रिका **दियालो**-को सम्पादक रहेर नेपाली भाषा साहित्यलाई सक्दो सेवा पुऱ्याएका छन्।

कवि तुलसी 'अपतन'-को कविता-यात्रालाई तीन चरणमा विभाजन गरिएको छ। सन् १९४३ देखि **के होला?** (सन् १९५९) कविता सङ्ग्रहको प्रकाशनसँगै पहिलो चरण टुङ्गिन्छ। सन् १९६० देखि भने दोस्रो चरण शुरू भएर सन् १९७६ मा **नहेर आज मलाई**-कविता सङ्ग्रहको सम्म रहन्छ। सन् १९७७ देखि **बुद्धिबँगारो** मिनी खण्डकाव्य सङ्ग्रहको प्रकाशनकाल (सन् १९९३) सम्मको काललाई उनको कविता यात्राको तेस्रो चरण मानिएको छ।

उनका प्रथम चरणका कविताहरूमा पाइने प्रवृत्तिगत मूलभूत विशेषताहरू हुन्-सामाजिक, जातीय भावनापरक, रोमाण्टिसिज्मका विभिन्न प्रवृत्तिहरू, शास्त्रीयवादी प्रवृत्तिहरू आदि। यस चरणका कविताहरूमा छन्द र अलंकारप्रतिको आग्रह पनि स्पष्ट रूपमा पाइन्छ। पञ्चचामर र तोटक छन्दमा लेखिएका कविताहरू हुन् 'संकल्प' र 'सिक्किम' आदि भने झ्याउरे छन्दमा लेखिएका कविताहरूको आफ्नै विशेषता छ। भक्ति शान्त र करूण रसले प्लावित छन् यस चरणका कविताहरू भने भाषिक सरलता र पारदर्शिता, चित्रात्मकता र कलात्मकता कविको आफ्नै विशेषता रहेको पाइन्छ।

दोस्रो चरणका फूटकर कविताहरू पनि तत्कालीन भारत नेपालका विभिन्न नेपाली पत्र -पत्रिकामा प्रकाशित पाइन्छ। जातीय र राष्ट्रीय भावनासम्मत, प्रकृतिप्रेमपरक, विचारप्रधान, रोमाण्टिसिज्म, का विभिन्न पवृत्तिहरू, मातृचेतको भाव, साथै आधुनिकतावादी भावधारा आदि कवि तुलसी 'अपतन'-यस चरणका कविताका प्रवृत्तिगत विशेषताहरू हुन्। छन्द र अलंकारको आकृष्टिबाट यस चरणमा पनि कवि तुलसी 'अपतन' टाड़िनु नसकेको पाइन्छ एकातिर भने अर्कोतिर आधुनिकताको देन गद्य कविता लेखनलाई पनि आफ्नो रचनाधर्मिता बनाउनु सफल भएका छन्। भाषा-शैलीगत सरलता, सुबोधता, चित्रात्मकता, कलात्मकता र बोधगम्यता जस्ता विशेषताहरूको सफलतापूर्वक निर्वाह भएको पाइन्छ साथै विम्ब विधानको दृष्टिले पनि यस चरणका कविताहरू उत्कृष्ट छन्।

कवि तुलसी 'अपतन'-का तेस्रो चरणका काव्य रचनाहरू भाव वा विषयका दृष्टिकोणले विशेष सामाजिकता, विद्रोहात्मकता, मनोवैज्ञानिकता, मानवता नारी महत्ताको स्थापना, कर्मवाद, दार्शनिकता आदि पाइन्छन्। शिल्प शैलीका दृष्टिकोणले मूल्याङ्कन गर्दा उनका यस चरणका कविताहरू मूलत: रोमाण्टिक भावधारा, आधुनिक भावधाराका पाइन्छन्। सरलता र संप्रेषनीयता, गद्यात्मकता, चित्रात्मकता, व्यङ्ग्यात्मकता,

कलात्मकता आदि भाषिक विशेषताहरू उनका यस चरणका कविताहरूको निधि हुनपुगेको पाइन्छ। विम्ब र प्रतीक प्रयोगको उत्कृष्ट नमूनाहरूले यस कालावधिका उनको काव्यकृतिहरूलाई सफल तुल्याएको पाइन्छ।

आदिकवि भानुभक्त, प० धरणीधर शर्मा, विश्वकवि रवीन्प्रनाथ टेगोर, कवि श्री रामधारी सिंह 'दिनकर', कवि वर्ड्सवर्थ जस्ता विशिष्ट व्यक्तित्वहरूद्वारा प्रभावित कवि तुलसी 'अपतन'-ले भारतेली नेपाली साहित्य, विशेष कविताको परम्परामा व्यक्तिगत तथा संस्थागत रूपमा अपूर्व योगदान दिएर आफ्नो समकालीन साथै उत्तरवर्ती साहित्यकारहरूको निम्ति एउटा दृष्टान्त र आदर्श बन्नुसकेको सत्य तथ्यले सर्वसम्मति पाएको छ।

## १ .१० भावी शोधकर्तालाई सुझावः

''शोधको खास प्रयोजन र मुख्य उद्देश्य कि ज्ञानमा विस्तार गर्नु हो कि समस्याको समाधानमा प्रयुक्त हुनु हो।''[१]-भन्ने विद्वान मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईँटेलका विचारलाई मनन गर्दा कुनै पनि विषयको शोधकार्यलाई क्रमिकता दिएर विस्तृत र विस्तार गर्नका निम्ति एउटा शोध प्रबन्ध मात्र पर्याप्त हुँदैन, त्यस विषयका विभिन्न पक्षलाई विभिन्न दृष्टिकोणले अध्ययन र मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

यहाँ कवि तुलसी 'अपतन'-का काव्य-कृतिहरूलाई अध्ययनको विषय बनाएर शोधकार्य गर्दा उनको साहित्यिक जीवन र कर्ममय जीवनका अरू पक्षहरूमाथि पनि शोधकार्य गर्न सकिने सम्भावना देखिएकाले भावी शोधकर्ताहरू समक्ष एकाध सुझाव राख्ने प्रयास गरिएको छ। यस विषयमा निम्नलिखित विशेष पक्षहरूमाथि शोधकार्य सम्पन्न गर्न सकिने सम्भावना देखिन्छ:-

(क) तुलसी 'अपतन'-का कृतिहरूमा प्रयुक्त भाषा-शैली।

(ख) तुलसी 'अपतन'-का नाटक र एकाङ्कीहरूको सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन।

(ग) आधुनिक साहित्य-समालोचनाका दृष्टिकोणले **कर्ण-कुन्ती** खण्डकाव्य र **बुद्धिबँगारो** मिनी खण्डकाव्य संग्रहको विश्लेषणात्मक अध्ययन।

(घ) भारतीय नेपाली कविता-साहित्यको विकासमा तुलसी 'अपतन'-ले गरेका योगदानको मूल्याङ्कन।

•